भेरी नगरपालिका

Bheri Municipality

# नगर कार्यपालिकाको कार्यालय

Office of the Municipal Executive

खलंगा, जाजरकोट

Khalanga, Jajarkot

कर्णाली प्रदेश, नेपाल

Karnali province, Nepal

Ph: 089430002
Email:bherimun@gmail.com
Web: bherimun.gov.np

प.स. ०७७/०७८

च.न.

मिति:२०७८/१/३१

विषय : कोभिड-१९ महामारी नियन्त्रण गर्न गरिएको व्यवस्थापन सम्वन्धी जानकारी ।

श्री : सम्पूर्ण नगरवासी एवं सरोकारवाला सवैमा

आजका मितिसम्म यस नगरपालिकावाट कोभिड-१९ महामारी नियन्त्रण सम्वन्धमा भए गरेका व्यवस्थापन एवं कार्यसम्पादनका विषयहरु निम्न वमोजिम रहेको व्यहोरा सरोकारवाला सवैमा जानकारीका लागि अनुरोध छ ।

## १. परिक्षणको दायरा र संक्रमितको अवस्था :

जिल्लाको सन्दर्भमा उच्च जोखिममा रहेको यस नगरपालिकामा हालसम्मको कोभिड परिक्षणको नतिजा र संक्रमितको विवरण निम्न अनुसार रहेको छ ।

तालिका नं (क)

| Date | PCR test | | | PCR result -Positive | | | Antigen test | | | Antigen result-Positive | | | Remark |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | male | female | total | male | female | total | male | female | total | Male | Female | Total | |
| 078.01.13 | | | | | | | 24 | 54 | 78 | 13 | 16 | 29 | |
| 078.01.16 | | | BNP3 | | | | 9 | 34 | 43 | | 11 | 11 | |
| 078.01.17 | | | | | | | 21 | 19 | 40 | 6 | 10 | 16 | |
| 078.01.20 | | | | | | | 11 | 20 | 31 | | 7 | 7 | |
| 078.01.21 | | | | | | | 27 | 33 | 60 | 13 | 8 | 21 | |
| 078.01.22 | | | | | | | 13 | 1 | 14 | 2 | 5 | 7 | |
| 078.01.23 | | | | | | | 8 | 11 | 19 | 3 | 2 | 5 | |
| 078.01.24 | 55 | 50 | 105 | 38 | 35 | 73 | 1 | | 1 | 1 | | 1 | |
| 078.01.25 | 67 | 85 | 152 | 40 | 17 | 57 | 6 | 9 | 15 | 3 | 4 | 7 | 078.1.29 |
| 078.01.27 | 97 | 85 | 182 | result pending | 0 | 0 | 1 | 0 | 1 | 1 | 0 | 1 | |
| 078.01.28 | 0 | 0 | 0 | 0 | 0 | 0 | 4 | 1 | 5 | 1 | | 1 | |
| 078.01.29 | 0 | 0 | 0 | 0 | 0 | 0 | 21 | 15 | 36 | 2 | 4 | 6 | |
| 078.01.30 | | | | 0 | 0 | 0 | 32 | 24 | 56 | 11 | 8 | 19 | |
| total test | 219 | 220 | 439 | 78 | 52 | 130 | 178 | 221 | 399 | 56 | 75 | 131 | |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

भावना भण्डारी
का.वा.नगर प्रमुख

Scanned with CamScanner

तालिका नं (ख)

| | Total test | | | Positive | | Total positive | Isolation Admit | still isolation | Home Isolation | Discharge | Refer | Death |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| PCR Total | antigentest | total test | PCR result pending | PCR | Antigen | | | | | | | |
| 439 | 399 | 838 | 249 | 130 | 131 | 261 | 25 | 17 | 186 | 56 | 2 | 1 |

## २. आईसोलेसन व्यवस्थापनको विषय :

संक्रमित प्रमाणीत भएका तर सामान्य अवस्थामा रहेका एवं संक्रमणवाट उच्च जोखिममा रहेका संक्रमितहरुको व्यवस्थापनका सम्वन्धमा निम्न व्यवस्था गरिएको छ।

- संक्रमित देखिएका तर सामान्य रहेका संक्रमितको हकमा स्वास्थ्यकर्मी मार्फत परामर्श तथा रेखदेखको सहित होम आईसोलेसनमा वस्ने व्यवस्था गरिएको छ।
- संक्रमणवाट उच्च जोखिममा रहेका संक्रमितहरुकोलागि अक्सिजन सिलिण्डर सहित १४ वेड क्षमता वरावरको नगरपालिका स्तरीय आईसोलेसन कक्षको व्यवस्था गरिएको छ।
- समुदायको वढ्दो जोखिम स्थितिलाई नियन्त्रण गर्न वडा नं.-४ को भेरी प्रा.वि.रानागाउँमा जोखिम संक्रमित व्यक्तिहरुलाई केही समयकोलागि अल्पकालिन व्यवस्थापन गरिएको छ।
- नगरपालिका स्तरीय आईसोलेसन व्यवस्थापन तथा संचालन गर्न जनस्वास्थ्य निरीक्षक श्री दिप वहादुर वली (सम्पर्क नं.९८५८०६७७२२) लाई नगरपालिकाको आईसोलेसन ईन्चार्ज तोकिएको छ।

## ३. अक्सिजन तथा औषधी व्यवस्थापन सम्वन्धमा :

- कोभिड महामारी नियन्त्रण गर्न नगरपालिका मातहतमा कार्यरत स्वास्थ्यकर्मी वाहेक सम्पूर्ण जनप्रतिनिधि,शिक्षक र कर्मचारीहरुको २(दुई) दिनको तलव/सुविधा वापत जम्मा हुन आउने रकम रु ७ लाख विपद व्यवस्थापन कोषमा जम्मा गरिएको छ।
- जिल्ला प्रशासन कार्यालय जाजरकोटको सहयोग र समन्वयमा ठूलो साईजको २ र सानो साईजको ६ गोटा गरी जम्मा ९ थान अक्सिजन सिलण्डर नेपालगन्ज वाँकेवाट खरिद गरिएको छ। जयगुरुदेव ग्रील उध्योग खलंगा -४ का संचालक श्री नेतराम यादव वाट सहयोग वापत उपलब्ध ठूलो साईजको थान -१ सिलिण्डर गरी हाललाई जम्मा ९ (नौ) थान अक्सिजन सिलिण्डरको व्यवस्था गरिएको छ।
- हालसम्म पि.सि.आर.किट ६०० थान र एन्टिजेन टेष्ट किट ३६० थान खरिद गरिएको छ।
- महामारी र संक्रमितहरुको अवस्थालाई ध्यानमा राखी आवश्यक औषधीहरु तथा सुरक्षणका सामग्रीहरु (सेनिटाईजर ,मास्क पीपी सेट,अक्सि मिटर लगायतका सामग्रीहरु) नगरपालिका मातहतका ५ स्वास्थ्य चौकी र ७ आधारभूत वडा स्वास्थ्य सेवा केन्द्र गरी जम्मा १२ वटा स्वास्थ्य संस्थामा सप्लाई गरिएको छ। र, आवश्यक औषधीको प्रयाप्त व्यवस्थापन गरिएको छ।

## ४. जनशक्ति परिचालन तथा परीक्षण सम्वन्धमा :

- कोभिड-१९ महामारी नियन्त्रणलाई ध्यानमा राखि संक्रमित व्यक्तिहरु लगायत समग्र व्यवस्थापनको रेकर्डिङ्ग/रिपोर्टिङ्ग गर्न स्वास्थ्य शाखा सह-संयोजक जनस्वास्थ्य निरीक्षक श्री निशा थापा (सम्पर्क नं ९८४८०१०१५४) लाई कोभिड फोकल पर्सन तोकिएको छ।
- हे.अ.श्री सुनिल वुढा र सि.अहेव श्री यज्ञ नाथ गौतमको संयोजकत्वमा सि.आई.सि.टी. टिम गठन गरिएको छ। यस टिम मार्फत टेस्टिङ्ग र ट्रेसिङ्ग कार्य गर्ने व्यवस्था गरिएको छ। उक्त समूहमा ६ जना स्वास्थ्यकर्मी जनशक्ति परिचालन गरिएको छ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय खलंगा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

भावना भण्डारी
का.वा.नगर प्रमुख

Scanned with CamScanner

- सबै स्वास्थ्यचौकी एवं आधारभूत वडा स्वास्थ्य केन्द्रका प्रमुखहरुलाई महामारी नियन्त्रणकोलागि वडा स्तरीय रेकर्डिंग /रिपोर्टिंग, फ्लोओर्स एवं प्रमुख सूचकको रुपमा तोकिएको छ ।
- कोभिड संक्रमणलाई रोकथाम तथा नियन्त्रण गर्न नगरपालिकामा कार्यरत सबै महिला स्वयंसेविकाहरुलाई मिति २०७८/१/१७ गते अभिमूखिकरण गरिएको छ ।
- सबै वडामा वडाध्यक्षको संयोजकत्वमा सरोकारवाला सबै (सम्पूर्ण जनप्रतिनिधि, स्वास्थ्यकर्मी, स्थानीय सुरक्षाकर्मी,शिक्षक, विभिन्न गैससका प्रतिनिधि ,स्थानीय युवाक्लव, महिला स्वयंसेविका तथा आमासमूहहरु) लाई परिचालन गरिएको छ ।
- संक्रमित व्यक्तिहरुलाई मोवाईल मार्फत आवश्यक परामर्श तथा उपचार सेवा उपलब्ध गराईएको छ ।
- परिक्षणको नतिजा सम्वन्धित व्यक्तिलाईSMS सेवा मार्फत जानकारी उपलब्ध गराउने व्यवस्था मिलाईएको छ ।
- स्थितिको जोखिमतालाई ध्यानमा राखि कोभिड -१९ महामारी नियन्त्रण गर्ने उद्देश्यले नगरपालिकाको कार्यालय परिसरमा हेअ श्री दुर्गा थापाको (सम्पर्क नं.९८६८२८९९४१) नेतृत्वमा , वडा नं.-४ को शान्तिचौतारामा हेअ श्री करण शाहीको (सम्पर्क नं.९८६६६१०५८४) नेतृत्वमा र वडा नं. १ को रिम्नामा अहेव श्री रामेश्वर रानाको (सम्पर्क नं.९८६८१७८९०७) नेतृत्वमा गरी ३(तीन) स्थानमा स्वास्थ्य सहायता कक्ष राखि चेकजाँचको कार्यलाई अग्रसरता दिईएको छ ।
- पि.सि.आर. तथा एन्टिजेन परिक्षणकोलागि ३ (तीन) जना ल्याव असिष्टेन्ट जनशक्ति परिचालन गरिएको छ ।
- संक्रमितहरुलाई सहयोग पुर्‍याउन तथा आम सरोकारवालाहरुलाई नियन्त्रण कार्यमा ऐक्यवद्धता कायम गर्न मिति २०७८/१/१७ गते सार्वजनिक रुपमा अपिल गरिएको छ । (जुन भेरी नगरपालिकाको वेभ-साईडमा राखिएको छ)
- संक्रमितहरुलाई आवश्यक पर्ने उपचार,परामर्श तथा सेवा उपलव्ध गराउन स्वास्थ्यकर्मी मार्फत घरदैलो सेवा प्रदान गरिएको छ ।
- महामारी नियन्त्रण गर्न वडा स्तरमा परिचालित स्वास्थ्यकर्मी (सम्पर्कव्यक्ति)हरुको विवरण यस प्रकार रहेको छ ।कुनैपनि व्यक्तिलाई संक्रमणका लक्षण देखिएमा,संक्रमितहरुलाई तत्काल रेस्क्यू गर्नुपर्ने भएमा निम्नानुसार सम्पर्ककालागि अनुरोध गर्दछौं ।

| क्र.स | सम्पर्क व्यक्ति | पद | कार्यरत संस्था | सम्पर्क नं. | सम्वन्धित वडा |
|---|---|---|---|---|---|
| १ | श्री दलराज वि.क. | ईन्चार्ज | आधारभुत स्वास्थ्य सेवाकेन्द्र, पिपे | ९७४८०५६२६१ | वडा नं. -१ |
| २ | श्री वेद वहादुर सिंह | ईन्चार्ज | स्वास्थ्य चौकी वाहुनथाना | ९८४८२०९८७८ | वडा नं. -२ |
| ३ | श्री यज्ञनाथ गौतम | सिअहेव | नगर स्वास्थ्य शाखा | ९८६८१२०२०२ | वडा नं.-३ |
| ४ | श्री कृष्ण वहादुर शाह | ईन्चार्ज | आधारभुत स्वास्थ्य सेवाकेन्द्र, वोहरा | ९८६००३३०४६ | वडा नं. -४ |
| ५ | श्री भरत भडेल | ईन्चार्ज | आधारभुत स्वास्थ्य सेवाकेन्द्र,छिप्रेना | ९८४८३७३२५० | वडा नं. -५ |
| ६. | श्रीसुरेन्द्र वहादुर पुन | ईन्चार्ज | स्वास्थ्य चौकी गंगटिया | ९८४८१६८८१२ | वडा नं. -६ |
| ७. | श्री केशव आचार्य | ईन्चार्ज | आधारभुत स्वास्थ्य सेवाकेन्द्र, पुन्मा | ९८५११९७७५५ | वडा नं. -७ |
| ८. | श्री गोपाल कार्की | ईन्चार्ज | आधारभुत स्वास्थ्यसेवाकेन्द्र, स्याउलीवजार | ९८४८१९०११४ | वडा नं. -८ |
| ९. | श्री लाल वहादुर खड्का | ईन्चार्ज | स्वास्थ्य चौकी भूर | ९८६८१०४०७९ | वडा नं. -९ |
| १०. | श्री पुजन रावत | ईन्चार्ज | आधारभुत स्वास्थ्य सेवाकेन्द्र, पर्सेनी | ९८४५९५५४१७ | वडा नं. -१० |
| ११. | श्रीसुनिल वुढा | ईन्चार्ज | स्वास्थ्य चौकी जगतिपुर | ९८६६१३६३७५ | वडा नं. -११ |
| १२. | श्री विन्दु थापा | ईन्चार्ज | आधारभुत स्वास्थ्य सेवाकेन्द्र, थर्पुडाँडा | ९८६८२१०६५६ | वडा नं. -१२ |
| १३. | श्री पवन विष्ट | ईन्चार्ज | स्वास्थ्य चौकी, कुद | ९८४९२३८१५१ | वडा नं. -१३ |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
बलंगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

भावना भण्डारी
का.वा. नगर प्रमुख

Scanned with CamScanner

## ५. एम्वुलेन्स सेवा तथा सवारी साधन व्यवस्थापन सम्वन्धमा :

- कोभिड संक्रमित व्यक्तिहरुलाई उपचारकोलागि ओसार पसार गर्न नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा जाजरकोटको नाममा रहेको एम्वुलेन्सलाई परिचालन गर्न ने.रे.सो. जिल्ला शाखा जाजरकोटले निर्धारण गरेको भाडादर उपलब्ध गराउने गरी आषाढ मसान्त सम्मकोलागि एम्वुलेन्स सेवा करार सम्भौता गरिएको छ । त्यसैगरी संक्रमितहरु वढ्न सक्ने चापलाई ध्यानमा राखि जिल्ला स्वास्थ्य सेवा कार्यालयको एम्वुलेन्स समेत परिचालन गरिने व्यवस्था मिलाईएको छ ।

- औषधी ओसार पसार गर्ने ,स्वाव संकलन गर्ने, कन्ट्र्याक्ट ट्रेसिग गर्ने तथा कोभिड महामारीको समग्र व्यवस्थापन र अनुगमन गर्ने कार्यकालागि नगर प्रमुख चढ्ने गाडि समेत परिचालन गरिएको छ ।

- नगरपालिकाको एम्वुलेन्स सेवा तथा सव-वाहान सेवा संचालनकोलागि एम्वुलेन्स तथा सव -वाहान खरिद प्रक्रिया २०७७ पौष महिना देखि नै शुरु गरी खरिद कार्य अन्तिम चरणमा रहेको छ । एम्वुलेन्स र सव-वाहानकोलागि अग्नी इन्कर्पोरिटेड प्रा.ली.पानीपोखरी काठमाण्डौलाई खरिद पेमेन्ट समेत भई सकेको छ । तसर्थः चालु आ.व.को आषाढ मसान्तसम्म नगर एम्वुलेन्स र नगर सव-वाहान उपलब्ध हुने विषयमा सम्वन्धित सवैलाई नगरपालिका विश्वस्त गराउदछ ।

## ६. स्वास्थ्य सुरक्षणका सामग्री तथा विविध व्यवस्थापन सम्वन्धमा :

- जिल्ला स्वास्थ्य सेवा कार्यालयवाट २०० थान एन्टिजेन टेष्ट किट (१०० थान फिर्ता गर्नेगरी), पि.पी.थान-५० सहयोग उपलब्ध भएको छ ।
- खानेपानी,सिचाई तथा उर्जा विकास कार्यालय, जाजरकोट मार्फत हेण्ड वास स्टेशन थान -१, हाईजिन किट थान-८०,ग्लोव्स प्याकेट-५, सेनिटाईजर थान -१०० र सर्जिकल मास्क थान-३० उपलब्ध भएको छ ।
- संभावित जोखिमलाई ध्यानमा राखी आवश्यक पर्ने एन्टिजेन किट,पी.पि. सेट,औपधीहरु र आवश्यक अन्य सुरक्षणका सामग्रीहरुको यथोचित व्यवस्थापन गरिएको छ ।
- महामारी नियन्त्रणकोलागि गरिएका दैनिक गतिविधि नगरपालिकाको WEBSITE (www.bherimun.gov.np)मा राख्ने व्यवस्था गरिएको छ ।
- कोभिड १९ संक्रमण महामारीवाट वच्न र सावधानी अपनाउन सार्वजनिक स्थल र सवै स्वास्थ्य संस्थामा सूचनामुलक व्यानर मार्फत सन्देशमुलक गतिविधी प्रचार प्रसार गरिएको छ ।
- कोभिड महामारी संक्रमणवाट जोगिन र सावधानी अपनाउन खलंगा सदरमुका स्थित रेडियो हाम्रो पाईला एफ.एम., रेडियो खलंगा एफ.एम.र जाजरकोट एफ.एम. मार्फत जनहितमा जारी सन्देश प्रसारणको व्यवस्था गरिएको छ ।
- सुरक्षाकर्मी युनिट, स्वास्थ्य संस्था,स्वास्थ्य सहायता कक्ष, विद्यालयहरु तथा सामुदायिक स्वास्थ्य स्वयंम सेविका आदि मार्फत मास्क र सेनिटाईजर प्रयोग गर्ने वानी -व्यवहार स्थापित गर्न मास्क एवं सेनिटाईजर वितरण गरिएको छ ।
- काभिड महामारी नियन्त्रण कार्यकालागि उच्च सतर्कता,संवेदनशिलता एवं तत्परताकासाथ स्थानीय प्रशासन ,स्वास्थ्य सेवा कार्यालय तथा सम्वन्धित अन्य सरोकारवाला सवैमा उच्च समन्वयकासाथ क्रियाशिल रहेका छौं ।

निमित प्रमुख प्रशासकीय अधिकृत

भेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

२०७८।०१।
भावना भण्डारी
का.वा.नगर प्रमुख

Scanned with CamScanner

अन्त्यमा,

- ➢ संक्रमित सवैमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । संक्रमित सवैको रेख देख,उपचार एवं परामर्शकोलागि स्वास्थ्यकर्मी सहित सिंगो नगरपालिका परिवार क्रियाशिल रहेको छ । संक्रमण देखिएका र संक्रमणका लक्षण नभएका सवै नागरिकहरुलाई उच्च सावधानी, सजगता, सतर्कता,उच्चमनोवल,सकारात्मक सोच, संयम,धैर्य एवं हार्दिकताकासाथ घरघरमा वस्न हार्दिक आव्हान गर्दछौं ।
- ➢ कोभिड महामारी संक्रमणको आशंका भएमा सम्वन्धित वडाका वडाध्यक्ष एवं स्वास्थ्य संस्थाका प्रमुख (ईन्चार्ज) हरु मार्फत सम्पर्क गर्न र संक्रमण प्रमाणीत भएकाहरुको स्वास्थ्य स्थितिमा असहज महशुस भएमा परामर्श तथा उपचारकालागि निम्न व्यक्ति तथा फोनमा तत्काल सम्पर्क राख्नुहुन समेत सम्पूर्ण सवैमा जानकारीकोलागि अनुरोध गर्दछौं ।
  - नगर कोभिड फोकल पर्सन जनस्वास्थ्य निरीक्षक श्री निशा थापा (सम्पर्क नं.९८४८०१०१५४)
  - नगरपालिका कोभिड आईसोलेसन ईन्चार्ज जनस्वास्थ्य निरीक्षक श्री दिप बहादुर वली (सम्पर्क नं.९८५८०६७७२२)
  - सि.आई.सि.टि.टिम संयोजक सि.अहेव श्री यज्ञ नाथगौतम(सम्पर्क नं.९८६३१५७०००/९८६८१२०२०२)
  - सि.आई.सि.टि.टिम सदस्य अहेव श्री रत्न बहादुर घर्ती मगर (सम्पर्क नं.९८६८०७३९६०)
- ➢ यतिवेला हामी जोखिम र विपदको परिवेशमा छौं । यस संकटको घडिमा आमनागरिकको जीवन रक्षा गर्न सरोकारवाला सवै (सम्पूर्ण राजनीतिक दल, जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरकारी तथा गैरसरकारी कार्यालय एवं राष्ट्रसेवक कर्मचारी,शिक्षक, गैसस, निजिक्षेत्र,उध्योग वाणिज्य संघ,निर्माण व्यवशायी,उध्योगी,उधमी,व्यापारी, नागरिक समाज, आम सन्चारकर्मी,स्थानीय युवाक्लव, महिला स्वयंसेविका तथा आमासमूहहरु) लाई यस कोभिड महामारी नियन्त्रणको अभियानमा ऐक्यवद्ध हुन, सवै व्यक्ति स्वयं, आ -आफ्नो घर,टोल र समुदायमा महामारी नियन्त्रण गर्ने कार्यकालागि स्वनियम पालन गर्ने गराउने कार्यमा स्व-स्फूर्त परिचालन रहन र आ-आफ्नो क्षेत्रवाट गर्न सक्ने सहयोगमा सक्रिय सहभागिता जनाउन एवं सकारात्मक सहयोग,समन्वय र सुझावकोलागि नगरपालिका हार्दिक आह्वान र अपिल सहित अनुरोध गर्दछ ।

२०७८।१।३१

दल बहादुर घर्ती
नि. प्रमुख प्रशासकीय अधिकृत
भेरी नगरपालिका, जाजरकोट

भावना भण्डारी
(का.वा. नगर प्रमुख)
भेरी नगरपालिका, जाजरकोट

नगर कार्यपालिकाको कार्यालय
श्री नगरपालिका
खलंगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner